आज मिति २०७९ साल जेठ १० गतेका दिन यस कुमाख गाउँपालिका गाउंकार्यपालिकाको कार्यालय सल्यानको कार्यपालिकाको ७८ औं बैठक कुमाख गाउँपालिकाका अध्यक्ष श्री मान बहादुर बुढाथोकी ज्यूको अध्यक्षतामा निम्न बमोजिमको उपस्थितीमा बसी निम्न प्रस्ताव माथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरू पारित गरियो ।

**उपस्थिती**

| | |
|---|---|
| १) श्री मान बहादुर बुढाथोकी | गा.पा. अध्यक्ष |
| २) श्री लाल बहादुर रावत | गा.पा. उपाध्यक्ष |
| ३) श्री जगतबहादुर घर्ती | प्रमुख प्रशासकिय अधिकृत |
| ४) श्री डिल्ली बहादुर राना | वडाअध्यक्ष वडा नं. १ |
| ५) श्री ईश्वरी शाही | वडाअध्यक्ष वडा नं. २ |
| ६) श्री केवल बहादुर राना | वडाअध्यक्ष वडा नं. ३ |
| ७) श्री शोभिलाल बस्नेत | वडाअध्यक्ष वडा नं. ४ |
| ८) श्री पदम बहादुर बुढामगर | वडाअध्यक्ष वडा नं. ५ |
| ९) श्री कर्ण बहादुर वि.क. | वडाअध्यक्ष वडा नं. ६ |
| १०) श्री डम्वर वहादुर शाही | वडाअध्यक्ष वडा नं. ७ |
| ११) श्री पवित्रा कवर | कार्यपालिका सदस्य |
| १२) श्री अनिता बुढाथोकी | कार्यपालिका सदस्य |
| १३) श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य |
| १४) श्री हिरा परियार | कार्यपालिका सदस्य |
| १५) श्री लालविर परियार | कार्यपालिका सदस्य |
| १६) श्री पठ बहादुर कामी | कार्यपालिका सदस्य |

अन्य उपस्थितीहरु

| | |
|---|---|
| श्री यदु गहतराज | लेखा अधिकृत |
| श्री खिम प्रकाश राना | (प्रशासन) सहायकस्तर पाँचौ |

**प्रस्तावहरू**

१.बधाई तथा शुभकामना सम्वन्धमा ।

२. कार्य सन्चालन सुरुवात गरेको सम्बन्धमा ।

३.अनुगमन तथा सुपरिवेक्षण समिति पुनर्गठन सम्बन्धमा ।

४.स्थानिय विपद व्यवस्थापन समिति पुनर्गठन सम्बन्धमा ।

५.सवारि साधन व्यवस्थापन सम्बन्धमा ।

६.चौरजहारी र सल्यान खलंगा सम्म सुत्केरी हुनेलाई एम्वुलेन्स भाडा छुट सम्बन्धमा ।

७.विविध सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १

यस कुमाख गाउँपालिकाको स्थानिय तह सदस्य निर्वाचन २०७९ बाट नव निर्वाचित जनप्रतिनिधिहरुलाई सबैबिच एकआपसमा बधाई तथा शुभकामना प्रदान गरियो ।

निर्णय नं. २

यस गाउँपालिकामा नव निर्वाचित जनप्रतिनिधिहरुबाट गाउँ कार्यपालिकाको कार्य सन्चालन सुरुवात गरियो ।

निर्णय नं. ३

यस गाउपालिका भित्रका विभिन्न योजनाहरुको अनुगमन गर्नका लागि तपशिल बमोजिमका गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरियो साथै वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने र रु २,००,०००।(अक्षरुपी दुई लाख रुपैया मात्र)लागत सम्मको योजना वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदनको आधारमा भुक्तानि गर्ने निर्णय गरियो ।

**तपशिल**

१. श्री लाल बहादुर रावत (गा.पा.उपाध्यक्ष) संयोजक

२. श्री जगत ब. घर्ती (प्र.प्र.अ.) सदस्य

३. श्री पदम ब. बुढामगर (वडा अध्यक्ष ) सदस्य

४.श्री पवित्रा कवर (कार्यपालिका सदस्य) सदस्य

५ श्री विवशनाथ योगी (ईन्जिनियर) सदस्य

६. श्री मान ब. बुढाथोकी (योजना शाखा प्रमुख ) सदस्य सचिव

निर्णय न. ४

यस गाउपालिकाको विपत व्यबस्थापन कोष संचालन तथा व्यबस्थापन गर्न बनेको कार्यविधी २०७५ को दफा ९ मा व्यबस्था भएबमोजिमको कोष व्यबस्थापन तथा सञ्चालन समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय न. ५

यस गाउँपालिका भित्रका सवै वडाका मोटरसाईकलहरु पहिलोपटक पुर्णरुपमा मर्मत सम्भार गरी पहिला जुन जुन वडामा थिए सोही वडाका वडाअध्यक्षहरुलाई हस्तानतरण गर्ने निर्णय गरियो ।

निर्णय न.६

यस गाउँपालिकाका नागरीकलाई चौरजहारी र सल्यान खलंगा सम्म सुत्केरी हुने लाई एम्बुलेन्स भाडा सत प्रतिशत छुट गर्ने निर्णय गरियो तर सम्बन्धित व्यक्तिले तथ्य खुल्ने प्रमाण पेश गर्नुपर्नेछ ।

निर्णय न. ७

आज बसेको कार्यपालिका बैठकबाट गरिएका निर्णयहरु कार्यान्वयनमा सबै सक्रियरुपमा लाग्ने निर्णय सहित आजको कार्यपालिका बैठक सौहार्दपुर्ण तरिकाले सम्पन्न गरियो ।